आज मिति २०८१ जेठ २३ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक वसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया वगाले

कार्यपालिका सदस्य :– श्री सोम वहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत - श्री मनि राना मगर

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ

मिति २०८१/०२/२३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०२/०८ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ : आ.व.२०८१/०८२ को बजेट सम्बन्धमा ।**

आ.व. २०८१/०८२ को लागि तपसिल बमोजिमको वजेट खाका उपर छलफल भई सोहि वमोजिम वडागत र कार्यक्रमगत बजेट तयार गरि आगामी कार्यपालिकाको बैठकमा पुन छलफल गरि आवश्यक परिमार्जन सहित पारित गरि गाउँ सभामा पेश गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

वडागत बजेटको सिलिङ देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| 1 | वडा नं. १ | ४,५००,०००.०० | |
| 2 | वडा नं. २ | ५,०००,०००.०० | |
| 3 | वडा नं. ३ | ८,०००,०००.०० | |
| 4 | वडा नं. ४ | ५,०००,०००.०० | १० लाख स्वास्थ्य चौकीमा कटौती गरिएको |
| 5 | वडा नं. ५ | ६,०००,०००.०० | |
| 6 | वडा नं. ६ | ५,०००,०००.०० | १० लाख स्वास्थ्य चौकीमा कटौती गरिएको |
| 7 | वडा नं. ७ | ५,५००,०००.०० | |
| 8 | वडा नं. ८ | ५,०००,०००.०० | |
| 9 | वडा नं. ९ | ७,५००,०००.०० | |
| | जम्मा | ५१,५००,०००.०० | |

अर्जुन गुरुङ
अध्यक्ष

निर्णय नं. ३ : जटिबुटि तालिम आयोजना गर्ने सम्बन्धमा ।

अन्य सार्वजनिक निर्माण (३११५९) श्रोत वित्तीय समानीकरण अनुदान शिर्षकको बुँदा नं २ मा उल्लेखित जडिबुटि विकास तथा प्रशोधन कार्यक्रम वजेट शिर्षकवाट खर्च भुक्तानी दिने गरि मिति २०८१ जेष्ठ २९ र ३० गते किसानहरुको लागि २ दिने जडिवुटि खेति तथा प्रशोधन सम्वन्धि तालिम आयोजना गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ४ : मर्स्याङ्दी गाउँपालिकाको स्थानीय रोजगार रणनीति तर्जुमा सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिका युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाको ब.उ.शि.नं. २.७.२८.१३६ मा बिनियोजित रकम रु. ५०,०००।– (पचास हजार रुपैया)ले **स्थानीय रोजगार रणनीति तर्जुमा** गर्ने सम्बन्धमा छलफल हुँदा, सम्बन्धित विषयका एक जना विषय बिज्ञको सहयोगमा सम्बन्धित शाखाले **स्थानीय रोजगार रणनीति**को मस्यौदा तयार गर्ने र सरोकारवाला साथै आवश्यकताको आधारमा पालिकाको अन्य शाखाहरुको सहयोग लिई कार्यपालिकामा राय, सुझाव र परामर्श गरी कार्यपालिकाले पारित गर्ने गरी कार्यक्रमको आयोजना र संचालन गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं ५ : सम्मानजनक विदाई सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिकाको स्वास्थ्य तर्फको स्वीकृत बार्षिक बजेट कार्यक्रम अन्तर्गतको सि.न. १३ मा उल्लेखित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका विदाई शिर्षकमा विनियोजित रकम रु. १,६०,०००।– (अक्षरुपी रु एक लाख साठ्ठीहजार ) बाट यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका १५ बर्ष भन्दा बढी सेवा अवधि सेवा प्रदान गरि विभिन्न कारणले सेवा प्रदान गर्न असमर्थ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई जनही रु २०,०००।– अक्षरुपी रु विस हजारका दरले आर्थिक सहयोग प्रदान गरि सम्मानजनक विदाई गर्ने यस गाउँपालिकाको गाउँकार्यापालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपशिलः

| क्र.स | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नाम | ठेगाना | सेवा अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दन कुमारी गुरुङ | मर्स्याङ्दी गा.पा-५ | १९ बर्ष | |
| २ | श्री यो कुमारी गुरुङ | मर्स्याङ्दी गा.पा-५ | २७ बर्ष | |
| ३ | श्री हुकु माया थापा | मर्स्याङ्दी गा.पा-९ | ३४ बर्ष | |

निर्णय नं ६ : आर्थिक सहयोग सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.२ मा उल्लेखित असक्त असहाय, विपन्न सहायता कोष सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकवाट खुदी स्वास्थ्य चौकीवाट रिफर गरि लमजुङ अस्पतालमा उपचार गर्दा गर्दै वच्चाको मृत्यु हुन पुगेको वेसिशहर न.पा. वडा नं ६ निवासी पार्वति सार्कीलाई रु.१५,०००।- आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अर्जुन सपाई
प्रमुख प्रशासकीय अधिकृत



अर्जुन गुरुङ
अध्यक्ष

निर्णय नं ७ : पुनरावलोकन समिति गठन सम्बन्धमा ।

आ.व.२०७९/०८० को दायित्वको भुक्तानीको लागि बाँकी रहेका विभिन्न योजना तथा कार्यालय सामानहरुको खरिद तथा मर्मत सम्बन्धि स्थलगत निरिक्षण गरी प्रतिवेदन तयार गरी भुक्तानीको लागि कार्यालयमा पेश गर्नको लागि तपसिल वमोजिमको पुनरावलोकन समिति गठन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

१. संयोजक, चेत बहादुर गुरुङ, वडा अध्यक्ष, वडा नं. २ तथा संयोजक, पूर्वाधार समिति
२. सदस्य, तिल बहादुर गुरुङ, वडा अध्यक्ष, वडा नं.७ तथा संयोजक, सामाजिक विकास समिति
३. ई. शुरेस गौतम, मर्स्याङ्दी गाउँपालिका
४. मनि राणा मगर, लेखा अधिकृत
५. अनिल कुमार गुरुङ, प्रशासन शाखा प्रमुख

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष